## खैरहनी नगर कार्यपालिकाको बैठक संख्या १३ (आ.व. २०८२/८३)

आज मिति २०८३/०१/२८ गते सोमबार बिहानको ०७:३० बजे खैरहनी नगरपालिकाका प्रमुख श्री शशी कुमार खनियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरियो ।

**तपसिल**

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रमुख | श्री शशी कुमार खनिया | |
| २. | उप-प्रमुख | श्री कविता उप्रेती | |
| ३. | सचिव | श्री नेत्रप्रसाद पौडेल | |
| ४. | वडा अध्यक्ष वडा नं. १ | श्री नवराज भुसाल | |
| ५. | वडा अध्यक्ष वडा नं. २ | श्री रोहिणी प्रसाद उप्रेती | |
| ६. | वडा अध्यक्ष वडा नं. ३ | श्री पूर्ण बहादुर गुरुङ | |
| ७. | वडा अध्यक्ष वडा नं. ४ | श्री वेद बहादुर अधिकारी | |
| ८. | वडा अध्यक्ष वडा नं. ५ | श्री छत्रनाथ सुवेदी | |
| ९. | वडा अध्यक्ष वडा नं. ६ | श्री कमल प्रसाद न्यौपाने | |
| १०. | वडा अध्यक्ष वडा नं. ७ | श्री मनेजर महतो | |
| ११. | वडा अध्यक्ष वडा नं. ८ | श्री शंकर कंडेल | |
| १२. | वडा अध्यक्ष वडा नं. ९ | श्री बन्धु राम महतो | |
| १३. | वडा अध्यक्ष वडा नं. १० | श्री चन्द्र बिक्रम चौधरी | |
| १४. | वडा अध्यक्ष वडा नं. ११ | श्री दिपेन्द्र कुमार दराई | |
| १५. | वडा अध्यक्ष वडा नं. १२ | श्री केदार नाथ पन्त | |
| १६. | वडा अध्यक्ष वडा नं. १३ | श्री कुल प्रसाद भुसाल | |
| १७. | कार्यपालिका सदस्य | श्री बुधरमिया चौधरी | |
| १८. | कार्यपालिका सदस्य | श्री गोमा देवी घर्ती | |
| १९. | कार्यपालिका सदस्य | श्री मैया वि.क. | |
| २०. | कार्यपालिका सदस्य | श्री बिक्रमिया चौधरी | |
| २१. | कार्यपालिका सदस्य | श्री आनन्द दराई | |
| २२. | कार्यपालिका सदस्य | श्री विष्णु माया सुनार | |
| २३. | कार्यपालिका सदस्य | श्री दुखिराम दराई | |
| २४. | कार्यपालिका सदस्य | श्री मेनुका परियार | |

**खैरहनी नगरपालिका, चितवन**
**कार्यपालिकाको बैठक**

**बैठक संख्या: १३**

क. मिति: २०८३/०१/२८ गते सोमबार

ख. बिहान ०७:३० बजे

---

**प्रस्तावहरु:**

क. खैरहनी नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गर्न पूर्वस्वीकृति दिने सम्बन्धमा।

ख. खैरहनी नगरपालिकाका आधारभूत स्वास्थ्य केन्द्रहरुमासमेत जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धमा।

ग. चालू आर्थिक वर्षमा उपभोक्ता समितिहरुबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने अन्तिम मिति तोक्ने सम्बन्धमा।

**निर्णयहरु:**

१. क) नेपाल सरकारले जारी गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा ५ को उपदफा (३) बमोजिम खैरहनी नगर अस्पताल, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र आधारभूत स्वास्थ्य केन्द्रहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management – O&M) गर्नको लागि पूर्व स्वीकृति दिने।

ख) नेपाल सरकारले जारी गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को आधारमा यस नगरपालिकामा देहायबमोजिम सर्वेक्षण समिति गठन गर्ने।

देहाय:

**सर्वेक्षण समितिको विवरण**

| | | |
|---|---|---|
| अ. | नेत्रप्रसाद पौडेल (प्रमुख प्रशासकीय अधिकृत) | संयोजक |
| आ. | गोपाल तिवारी (लेखा अधिकृत) | सदस्य |
| इ. | सार्थक घिमिरे (अधिकृत सातौं) | सदस्य सचिव |

२. स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण र सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित) बमोजिम स्वास्थ्य संस्था नभएका नगरपालिकाका वडाहरुमा सञ्चालन भइरहेका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको जनशक्ति व्यवस्थापन र सञ्चालन खर्चलाई अनुमोदन/स्वीकृति गरी आगामी दिनहरुमा लाग्ने जनशक्ति व्यवस्थापन र सञ्चालन खर्चलाई समेत नगरपालिकाले बेहोर्ने।

३. उपभोक्ता समितिबाट सञ्चालन/व्यवस्थापन हुने चालू आर्थिक वर्ष २०८२/८३ को योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने अन्तिम मिति २०८३।०२।१५ तोकी सोही बमोजिम वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालयले निर्णय कार्यान्वयन गर्ने।

शशी कुमार खनिया
नगर प्रमुख